# 7th NCAR Part-66, AML EXAM 2014

## को लागी

# दरखास्त आह्वान सम्बन्धी सूचना (231)

**प्रथम पटक प्रकाशित मितिः २०७०।०८।२५**

नेपाल नागरिक उड्डयन प्राधिकरणको मिति २०७०।०८।२५ को निर्णयानुसार यस विभाग र CAAi, UK वीच २ फेब्रुअरी २०१२ मा सम्पन्न सम्झौता वमोजिम २ फेब्रुअरी २०१४ मा संचालन हुन गइरहेको NCAR Part-66 अनुसारको आधारभूत परीक्षा दिन इच्छुक तथा योग्य उम्मेदवारहरुलाई, यस विभागवाट उपलब्ध गराइने दरखास्त फाराम देहाय वमोजिम रितपूर्वक भरी ३१ डिसेम्वर २०१३ (२०७०।०९।१६) भित्र यस विभागमा आईपुग्ने गरी पेश गर्न हुन आह्वान गर्दै यो सूचना प्रकाशित गरिएको छ । यस परीक्षाको बिषयमा थप जानकारी आवश्यक भएमा यस विभागको एयरवर्दिनेश महाशाखामा सम्पर्क राख्न सकिने छ । रित नपुगी र म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही हुने छैन । यो सूचना प्राधिकरणको Website: www.caanepal.org.np/ Flight Safety मा प्रकाशित गरिएको छ ।

१) **न्यूनतम योग्यता तथा अनुभव :–**
प्रचलित नागरिक उड्डयन नियमावली तथा NCAR Part-66, मा उल्लेख भए बमोजिमको योग्यता भएको हुनु पर्नेछ ।

२) **दरखास्त फाराम दस्तुर तथा पाईने स्थान :–**
CAAi वाट जारी भएको दरखास्त फाराम **फ्लाइट सेफ्टी स्ट्याण्डर्ड विभाग**, सिनामंगलबाट प्राप्त गर्न सकिनेछ भने प्राधिकरणको वेवसाइट www.caanepal.org.np/Link:Flight Safety वाट पनि डाउनलोड गर्न समेत सकिने छ ।

३) **परीक्षा दस्तुर :–**
क) नागरिक उड्डयन नियमावली २०५८ को अनुसूचि १.१३ (ग) अनुसारको प्रति विषय मु.अ. कर सहित १६।९५ अमेरिकी डलर वरावर को रकम लाग्नेछ ।

ख) CAAi, UK संग भएको सम्झौतामा तोकिए वमोजिम प्रति परिक्षार्थी प्रति Module £ ७६।०० स्टर्लिङ्ग पाउण्ड वरावरको रकम लाग्ने छ ।

४) **परीक्षा दस्तुर वापतको रकम दाखिला :–**
क) नागरिक उड्डयन नियमावली अनुसारको परीक्षा दस्तुर वापतको माथी बुंदा ३ (क) वमोजिमको रकमको हकमा यस विभागको नाममा राष्ट्रिय वाणिज्य वैंक, त्रि.अ.वि. शाखामा रहेको चल्ती खाता नं. १३३ मा, **र**

ख) CAAi UK लाई पठाउन पर्ने माथी बुंदा ३(ख) वमोजिमको **(प्रति परिक्षार्थि प्रति पेपर ७६।०० स्टर्लिंग पाउण्ड)** रकम भने यसै विभागको नाममा सोही वैंकमा रहेको धरौटी खाता नं. १२१ मा दाखिला गर्नु पर्नेछ ।

***नोटः*** *यसरी धरौटी खातामा जम्मा भएको रकम सम्वन्धीत पक्षलाई पठाउने समयमा विनिमयदर परिवर्तनको कारण नपुग हुन गएको अवस्थामा नपुग भएजती रकम सम्वन्धीत परीक्षार्थीहरु हरुवाटै, परिक्षाको प्रवेशपत्र लिनु अघि यस विभागमा वुझाउनु पर्ने छ ।*

५) **परीक्षा कार्यक्रम प्रकाशनः–**
परीक्षा संचालन मिति २०७०।१०।१९ गते, (तदनुसार फेब्रुअरी ०२, २०१४) आइतवार हुने छ भने समय र स्थान को हकमा पछि सुचना प्रकाशित गरिने छ ।